# विश्व प्रसिद्ध
# व्यक्तित्वहरू



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३

पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| | |
|---|---|
| मलाला : बाल शिक्षा अधिकार रक्षक | ५ |
| नेल्सन मण्डेला | ७ |
| महान् अन्वेषक इब्ने बातुता | ९ |
| मेरी क्युरी | ११ |
| महान् अन्वेषक झेङ हे | १३ |
| सलिफ केइता : विश्व सङ्गीतकार | १५ |
| सङ्गीतकार आविदा परविन | १९ |
| शान्तिका लागि महिला | २३ |
| बर्था सोफी भन सुट्नर | २६ |
| मदर टेरेसा | २७ |
| आङ सान सुकी | २८ |
| रिगोबर्टा मेन्चु | २९ |
| शिरिन इबादी | ३० |
| वाङ्गारी माथाई | ३१ |



# मलाला : बाल शिक्षा अधिकार रक्षक

मलाला युसुफजाई पाकिस्तानको स्वात उपत्यकाकी एउटी बालिका हुन् । जब उनी १२ वर्षकी थिइन्, तालिवानहरू स्वात उपत्यका आए र बालिकाहरूलाई विद्यालय जान रोक लगाए ।

मलालाले त्यसको प्रतिरोध गरिन् । उनले सबै बाल बालिकाको शिक्षाका लागि अधिकार हुनुपर्ने आफ्नो विश्वासबारे लेखिन्

र बोलिन् । आफूलाई सुरक्षित राख्न र पहिचान लुकाउन उनी गुल माक्की उपनाम प्रयोग गर्थिन् । उनका निबन्धहरूलाई बेलायती प्रसारण संस्था ब्रिटिस ब्रोडकास्टिङ करर्पोरेसन (बिबिसी) ले प्रकाशन गर्थ्यो । ती निबन्धहरू संसारभर पढिन्थ्यो ।

तालिवानले उनी को हुन् भन्ने पत्ता लगाए । उनको यो कार्य रोक्ने प्रयासमा तालिवानीहरू उनको विद्यालयमै गए । सन् २०१२ को अक्टोबरमा उनलाई गोली पनि प्रहार गरे ।

मलाला बाँच्न सफल भइन् । प्रत्येक बाल बालिकाको पढ्न पाउने अधिकारको पक्षमा बोल्ने कामलाई उनले निरन्तरता दिइन् । सन् २०१४ मा मलालाले 'नोबेल शान्ति पुरस्कार' प्राप्त गरिन् । यो पुरस्कार पाउने उनी सबैभन्दा कम उमेरकी बालिका हुन् ।



# नेल्सन मण्डेला


नेल्सन मण्डेला दक्षिण अफ्रिकाको एम्भेजोमा सन् १९१८ जुलाई १८ मा जन्मिएका थिए । उनले दक्षिण अफ्रिकाका सम्पूर्ण मानिसको अधिकारका लागि सङ्घर्ष गरे । उनी रङको आधारमा हुने भेदभाव (रङभेद) अन्त्य गर्न चाहन्थे । रङभेद एउटा यस्तो प्रणाली थियो, जहाँ फरक फरक जातिका

मानिसलाई अलग अलग क्षेत्रमा बस्न बाध्य पारिन्थ्यो । छालाको रङको आधारमा फरक फरक व्यवहार गरिन्थ्यो ।

रङभेदविरुद्ध सङ्घर्ष गरेका कारण उनलाई जेल हालियो । उनले जेलमा २७ वर्ष बिताए ।

सन् १९९० मा उनलाई जेलमुक्त गरियो । उनले समानताको अधिकार, रङ्गभेदको अन्त्य र दक्षिण अफ्रिकामा निष्पक्ष र खुला निर्वाचनका लागि आफ्नो कामलाई निरन्तरता दिए । आफ्नो साहस र विवेकका लागि मण्डेलाले सन् १९९३ को नोबेल शान्ति पुरस्कार जिते ।

उनको देशमा प्रजातन्त्रको वास्तविक अनुभव पहिलो पटक गर्दा सन् १९९४ मा मण्डेला दक्षिण अफ्रिकाको राष्ट्रपतिमा निर्वाचित भए । उनले राष्ट्रपतिका रूपमा सन् १९९४ देखि १९९९ सम्म सेवा गरे । आफ्नो कार्यकाल पुरा गरेपछि उनले दक्षिण अफ्रिका र सम्पूर्ण विश्वभरि नै प्रेरणादायी व्यक्तित्वका रूपमा सेवालाई निरन्तरता दिए । सन् २०१३ मा उनको निधन हुँदा सिङ्गो विश्व शोकमा डुब्यो ।




# महान् अन्वेषक इब्ने बातुता



इब्ने बातुता विश्वकै महान् अन्वेषकहरूमध्ये एक हुन् । उनको घर मोरक्कोको टाङ्गियर्स भन्ने ठाउँमा थियो । २४ वर्षको उमेरमै उनी घर छाडेर हिँडेका थिए । यो सन् १३२५ को कुरा हो ।



**मक्का, साउदी अरेबिया**

उनले तीर्थयात्राका क्रममा मक्काको भ्रमण गरे । यो यात्रामा १६ महिना लागेको थियो । त्यसपछि ३० वर्ष उनले अफ्रिका, युरोप, भारत र एसियाको खोज गर्दै बिताए ।

इब्ने बातुताले पैदल, घोडा र भेडा चढेर यात्रा गरेका थिए । उनले धेरैथरी मानिस भेटे । विभिन्न ठाउँ देखे । मोरक्को फर्किएपछि उनले आफ्नो रोमाञ्चक कथा आफ्ना साथी इब्ने जुजाईलाई सुनाए, जसले 'इब्ने बातुताको यात्रा' शीर्षकको किताब लेखे ।



# मेरी क्युरी

सन् १८६७ नोभेम्बर ७ मा पोल्यान्डको वार्स:मा जन्मिएकी मेरी क्युरी विश्वकै सबैभन्दा चर्चित महिला वैज्ञानिक हुन् । उनको खास नाम मारिआ स्क्लोड्वोस्का हो । त्यति वेला पोल्यान्डमा महिलालाई विश्व विद्यालय जान दिइँदैन थियो । सन् १८९१ मा मारिआ फ्रान्स गइन् र पेरिसको सोरबोनमा

पढिन् । त्यहाँ उनले भौतिक शास्त्र र गणित दुई विषयमा उच्च शिक्षा हासिल गरिन् । उनले पेरी क्युरीसँग बिहे गरिन्, उनी पनि वैज्ञानिक थिए ।

मेरीले किरणहरूबारे काम गरिन् र रेडियोएक्टिभिटीको खोजलाई प्रकाशमा ल्याइन् । रेडियोएक्टिभिटी सम्बन्धी कामका लागि मेरी र उनका पतिले सन् १९०३ को भौतिक शास्त्रतर्फको नोबेल पुरस्कार जिते ।

मेरीले आफ्नो अन्वेषणलाई जारी राखिन् । उनले रेडियम र पोलोनियमका तत्त्वहरू पत्ता लगाइन् । यसका लागि उनले सन् १९११ मा रसायन शास्त्र तर्फबाट दोस्रो पटक नोबेल पुरस्कार जितिन् । फरक फरक विषयमा दुई ओटा नोबेल पुरस्कार जित्ने मेरी क्युरी एक मात्र महिला वैज्ञानिक हुन् ।

मेरीको कामले विज्ञान र चिकित्सा विज्ञानमा महत्त्वपूर्ण प्रगति ल्याए । उनले पहिलो विश्व युद्धको समयमा चिकित्सकहरूले प्रयोग गरेका छुरिता र बोकेर हिँड्न सकिने एक्स-रे यन्त्रहरू आविष्कार गर्न सहयोग गरिन् । ती यन्त्रहरूलाई 'लिटल मेरी' भनिन्थ्यो ।

मेरीकी छोरी इरेनी जोलिओट क्युरीले पनि आफ्नी आमाको पाइला पछ्याइन् । आमाले जस्तै इरेनीले पनि सन् १९३५ मा रसायन शास्त्रतर्फ नोबेल पुरस्कार जितिन् ।




झेङ हेको सातौं अभियान

# महान् अन्वेषक झेङ हे

झेङ हेले चीनलाई विश्वसँग जोडेका थिए। सन् १४०० ताका उनले दक्षिणपूर्वी एसिया, दक्षिण एसिया, मध्य पूर्व र पूर्वी अफ्रिकाको भ्रमण गरेका थिए। यसका लागि उनी प्रख्यात छन्। झेङ हे सन् १४०२ मा साम्राज्यको गद्दी जितेका चिनिया नेता झु दीका विश्वसिला सहयोगी थिए। त्यस लगत्तै सन् १४०३

मा झेङ हेले खजाना खोज्न र सम्राटका लागि ल्याउन सात समुद्रको पहिलो यात्रा सुरु गरेका थिए ।

यी यात्रा र अभियानका क्रममा झेङ हे र उनका नाविकहरू सयौँ पानीजहाजसहित निस्किएका थिए । प्रत्येक जहाज निश्चित प्रयोजनका लागि बनाइएका थिए । त्यस क्रममा खजानाका लागि छुट्टै जहाज थिए, ता कि तिनमा विश्वभर भेटिएका मसलाहरू, कपडाहरू, दुर्लभ जनावरहरू र अरू भेटिएका कुराहरू भण्डारण गर्न सकियोस् । लामो यात्रामा आवश्यक पर्ने स्वच्छ पानीका लागि पानी ट्याङ्कीहरू थिए । झेङ हेसँग युद्ध जहाज, आपूर्ति व्यवस्थाका जहाज, सैनिक परिवाहन र गस्ती गर्ने डुङ्गाहरू समेत थिए ।

झेङ हेका पहिला तिन समुद्री यात्राले उनलाई दक्षिण पूर्वी एसिया (इन्डोनेसिया, थाइल्यान्ड, मलेसिया) र दक्षिण एसिया श्रीलङ्का, बङ्गलादेश र भारत) का किनाराहरूसम्म पुऱ्याएको थियो । उनले चौथो यात्रामा आफ्ना नियमित गन्तव्यहरूमा मध्य पूर्व (इरान, यमन, अरेबिया) र पूर्वी अफ्रिका (सोमालिया) थपेका थिए । झेङ हेले आफ्नो सम्पूर्ण समुद्री यात्राहरूमा कुल ३० देशको भ्रमण गरेको इतिहासकारहरू बताउँछन् ।



# सलिफ केइता : विश्व सङ्गीतकार

सलिफ केइता अफ्रिकी सङ्गीतकार हुन् । उनी मालीको जो लिबा भन्ने ठाउँमा २५ अगस्ट १९४९ मा जन्मिएका हुन् । सलिफ ठुलो परिवारबाट आएका हुन् । उनका १२ दाजुभाइ तथा दिदी बहिनी छन् । आमाबुबा उनी डाक्टर बनोस् भन्ने




चाहन्थे । तर सलिफ सङ्गीत मन पराउँथे । उनी गीत गाउन पाए अरू सबै काम छाडिदिन्थे । यो कुराले उनको परिवार खुसी थिएन । त्यसैले उनी राजधानी बमाको आए । उनले यहाँ धेरै सङ्गीतकारलाई भेटे । गीत लेख्न पनि थाले ।



बमाको सिटी, माली, अफ्रिका

## सङ्गीतकार बन्ने बाटो

बमकोमा सलिफ 'सुपर रेल ब्यान्ड' भन्ने साङ्गीतिक समूहमा आबद्ध भए । उनीहरूले बमाको र छिमेकी देशहरूमा गीत

गाए । पछि चाहिँ सलिफ ‘लेस अम्बेसाडार्स’ भन्ने समूहमा आबद्ध भए ।



लेंका



गोनी



इलेक्ट्रिक गीतार



कोरा




टुम्बा

यो समूहमा धेरै सङ्गीतकार थिए । उनीहरूले धेरैथरी बाजा बजाउँथे । ती बाजाहरूमा लेंका, कोरा, टुम्बा, जेम्बा, गोनी र विभिन्न गितारहरू पर्थे । तिमीलाई यी बाजामध्ये कुन बजाउन मन लाग्छ ?

## सलिफको सङ्गीत

सलिफ आफूले गाउने गीत धेरैजसो आफैँ लेख्छन्। मान्छे कसरी भिन्न भिन्न हुन्छन् भन्ने विषयमा लेख्न उनी मन पराउँछन् ।



सलिफलाई एल्बिनिज्म भन्ने रोग छ । यो उनको वंशाणुगत रोग हो । यो रोगमा छाला र आँखालाई घामले असर गर्छ ।





उनको ला डिफरेन्स भन्ने एल्बमले 'मान्छे जति फरक भए पनि सबैलाई माया गर्नुपर्छ' भन्छ ।

**अहिलेका सलिफ**

वर्षौंसम्म सलिफ विभिन्न देश घुमे । त्यहाँ गीत गाए । उनले धेरै पुरस्कार र सम्मानहरू पनि पाएका छन् । अहिले उनी पेरिस, फ्रान्स र बमाको मालीमा बस्छन् । ६५ वर्षको उमेरमा पनि उनी गीत लेख्ने, गाउने र बजाउने गर्छन् ।



# सङ्गीतकार आविदा परविन

आविदा परविन प्रख्यात पाकिस्तानी सङ्गीतकार हुन् । पाकिस्तानको सिन्ध प्रान्तको लारकानामा सन् १९५४, फेब्रुअरी २० तारिखमा उनको जन्म भएको हो । उनी अहिले कति वर्षकी भइन् भन्न सक्छौ ?



तल दिइएको पाकिस्तानको नक्सा हेर । सिन्ध प्रान्त कहाँ छ ? पाकिस्तान वरपरका देशहरू कुन कुन हुन् ?







## सुरुवाती दिन

आविदाका बुबा सङ्गीतकार थिए । उनको आफ्नो गृहनगरमा एउटा सङ्गीतको विद्यालय थियो । विद्यालयमा उनी केटाहरूलाई मात्र सङ्गीत पढाउने गर्थे ।

केटीहरूलाई गाउने अधिकार थिएन । तर आविदाको प्रतिभाले गर्दा उनले आविदालाई आफ्नो स्कुलमा सिकाउने निर्णय गरे । आविदाले पहिलो एकल गीत गाउँदा उनी मात्र ३ वर्षकी थिइन् ।

## सङ्गीतकार बन्ने बाटो

आविदालाई उनका बुबाले मातृभाषा सिन्धीमा गाउन सिकाएका थिए । तर, उनी अरू भाषामा पनि गीत गाउँछिन् । उनी उर्दु, हिन्दी, पन्जाबी, सेराइकी र पारसी भाषामा पनि गाउँछिन् । उनी र उनको बुबा पाकिस्तानका दरगाह (धार्मिक स्थलहरू) मा तथा चाडपर्वका बेला गीत गाउँदै अभ्यास गर्थे ।



हजरत सचल सरमस्त दरगाह, सिन्ध, पाकिस्तान



आविदाले केही गीत आफैँले लेखेकी छिन् । उनी अरू गीतकारले लेखेका गीतहरू पनि गाउँछिन् । उनी प्रख्यात पाकिस्तानी र भारतीय कविका कविता र पाकिस्तानी लोकगीत गाउन मन पराउँछिन् । उनी गजल (एक प्रकारको कविता) गायनका निम्ति निकै प्रख्यात छिन् ।

## अहिलेकी आविदा



आविदा पाकिस्तानी गजल गायनमा प्रख्यात गायकमध्ये पर्छिन् । उनले धेरै कदरपत्र पाएकी छिन् । उनले विश्वभरि नै आफ्नो कला प्रस्तुत गरेकी छन् । उनी पाकिस्तानमा बस्छिन् । उनका दुई छोरी र एक छोरा छन् ।




# शान्तिका लागि महिला

**शान्तिका लागि किन महिलाहरूले काम गर्छन् ?**

युद्धको समयमा महिला र बाल बालिका सबैभन्दा बढी पीडित हुन्छन् । यही कारण शान्ति कायम गर्न धेरै महिलाहरूले पछिल्ला वर्षहरूमा कडा मिहिनेत गरेका छन् ।




## महिला र नोबेल शान्ति पुरस्कार

यीमध्ये धेरै महिलालाई नोबेल शान्ति पुरस्कारबाट सम्मानित गरिएको छ । यो पुरस्कार विश्व शान्तिको प्रवर्धनका लागि सबैभन्दा बढी योगदान गर्ने मानिस वा संस्थालाई नर्वे सरकारले प्रदान गर्ने सबैभन्दा उच्च सम्मान हो ।



सन् १९०१ मा शान्ति पुरस्कार स्थापना भएदेखि १६ जना आँटिला र लगनशील महिलाहरूले यो प्रतिष्ठित सम्मान प्राप्त गरेका छन् । यसमा पाकिस्तानकी मलाला युसफजाई पनि छन् । सन् २०१४ मा पुरस्कृत मलाला यो पुरस्कार प्राप्त गर्ने सबैभन्दा पछिल्लो महिला हुन् । अब, यीमध्ये केहीका बारेमा हामी पनि जानकारी लिऊँ ।

**नोबेल शान्ति पुरस्कार जित्ने महिलाहरू (१९०१–२०१५)**

- १९०५ : बर्था सोफी भन सुट्नर
- १९३१ : जेन एडम्स
- १९४६ : इमिली ग्रिन बाल्क
- १९७६ : बेट्टी विलियम्स र माइरिड कोरीगन
- १९७९ : मदर टेरेसा
- १९८२ : अल्भा मिर्डाल
- १९९१ : आङ सान सुकी
- १९९२ : रिगोबेर्टा मिन्चु
- १९९७ : जोडी विलियम्स
- २००३ : शिरिन इबादी
- २००४ : वाङ्गारी माथाई
- २०११ : तावाकोल कार्मान, लेमाह गिबोयी र इलेन जोहन्सन सर्लिफ
- २०१४ : मलाला युसफजाई



## बर्था सोफी भन सुट्नर

नोबेल शान्ति पुरस्कारकी पहिलो महिला विजेता यी अस्ट्रियाकी हुन् । सन् १९०५ मा बर्था भन सुट्नरलाई 'तिम्रा हतियारहरू बिसाऊ (ले डाउन योर आर्म्स)' नामक पुस्तक लेखेबापत पुरस्कृत गरिएको थियो । उनी अन्तर्राष्ट्रिय शान्ति केन्द्र (इन्टरन्यासनल पिस ब्युरो) की सभापति पनि थिइन् ।



## मदर टेरेसा

सन् १९७९ मा यो पुरस्कार मदर टेरेसालाई प्रदान गरियो । यी क्याथोलिक धर्मकी भिक्षुणीले 'परोपकारी धर्म-प्रचार (मिसनरिज अफ च्यारिटी)' नामक संस्था स्थापना गरेकी थिइन् । उनलाई विशेषगरी भारतमा सबैभन्दा निसाहय गरिब दु:खीहरूलाई सहयोग गर्ने उनको प्रयासका लागि सम्मानित गरिएको थियो ।

**रमाइलो तथ्य**

**सन् १९७९ मा मदर टेरेसालाई पुरस्कृत गर्दा नोबेल समितिले 'गरिबी र दुर्गति ... शान्तिका लागि खतरा हुन्' भनेको थियो ।**



## आङ सान सुकी

सन् १९९१ मा यो पुरस्कार प्राप्त गर्दाको समयमा आङ सान सुकी नजरबन्दमा थिइन् । उनलाई म्यानमारमा स्वतन्त्र निर्वाचनको व्यवस्था र अन्य नागरिक र राजनीतिक अधिकार फर्काउन प्रयास गरेकाले जेलमा राखिएको थियो । उनको नेतृत्वमा म्यानमारमा परिवर्तनले विस्तारै आकार लिइरहेको छ ।

**नागरिक अधिकार**भित्र स्वतन्त्र प्रेसको अधिकार, धार्मिक स्वतन्त्रता, विभेदबाट मुक्ति, भेला हुने अधिकार, अभिव्यक्ति स्वतन्त्रता, आवागमनको स्वतन्त्रता र शान्तिपूर्ण आन्दोलनको स्वतन्त्रता पर्दछन् ।

**राजनीतिक अधिकार**भित्र मतदानको अधिकार, न्यायको अधिकार र सङ्गठित हुने अधिकार पर्दछन् ।



## रिगोबर्टा मेन्चु

ग्वाटेमालाका केइची मातृभाषीहरूकी नेतृ रिगोबर्टाले आफ्नो देशमा गृहयुद्ध चुलिएको समयमा शान्तिका लागि सङ्घर्ष गरेकी थिइन् । उनले आफ्नो देशमा युद्धका कारण कसरी त्यति धेरै मानिसहरूलाई जेलमा राखियो वा मारियो भन्ने बारे बहादुरीपूर्वक बोलेकी थिइन् । उनले सन् १९९२ मा यो पुरस्कार जितेकी थिइन् ।



## सिरिन इबादी

इरानकी वकिल एवम् अभियान्ता सिरिन इबादीले सन् २००३ मा नोबेल शान्ति पुरस्कार पाइन् । उनी यो पुरस्कार पाउने पहिलो मुस्लिम थिइन् । उनी महिला, हिंसामा परेका बाल बालिका, पत्रकार र आस्थाका आधारमा थुनामा राखिएका मानिसहरूको अधिकार रक्षाका लागि परिचित छन् ।



## बाङ्गारी माथाई

बाङ्गारी माथाईले महिला र प्रकृतिका मामलामा विज्ञता हासिल गरेकी थिइन् । उनले सन् १९७७ मा केन्यामा स्थापना गरेको ग्रिन बेल्ट मुभमेन्टमार्फत महिलाहरूलाई वृक्षरोपणका लागि प्रोत्साहित गरिन् । सन् २००४ मा यो पुरस्कार जित्दा उनले वातावरणको पुनस्थापनाले शान्तिमा योगदान पुग्ने बताएकी थिइन् । आफ्नो जीवन र भविष्यको जिम्मा लिन यसले मानिसलाई प्रेरित गर्ने उनको तर्क थियो । उनी यो पुरस्कार जित्ने पहिलो अफ्रिकी महिला हुन् ।




## सन् २०११ का तिन महिला विजेता

यमनकी एक पत्रकार र लाइबेरियाका दुई नेतृहरूले संयुक्त रूपमा सन् २०११ को यो पुरस्कार प्राप्त गरेका थिए । लाइबेरियाकी लेमाह गिबोयी र राष्ट्रपति इले जोहन्सन सर्लिफले आफ्नो देशको गृहयुद्ध अन्त्यका लागि शान्तिपूर्ण तरिका अवलम्बन गरेका थिए ।

यसैगरी यमनकी तावाकोल कार्मानले आफ्नो देशमा प्रजातन्त्र र शान्ति ल्याउन अहिंसात्मक विरोधको शैली प्रयोग गरेकी थिइन् । उनले ‘बन्धनबिनाका महिला पत्रकार (वुमन जर्नलिस्ट विदआउट चेन्स)’ नामक संस्थाको स्थापना गरेकी थिइन् ।

## शान्तिका लागि उनीहरूको कार्यको निरन्तरता

नोबेल शान्ति पुरस्कार जितिसकेपछि यहाँ उल्लेख गरिएका महिलाहरूले मानव अधिकार, न्याय र शान्तिका लागि आवाज उठाउने कार्यलाई निरन्तरता दिएका छन् । उनीहरूको प्रयासले विश्वभर स्वतन्त्रता र न्यायका लागि काम गर्न मानिसहरूलाई प्रेरित गरेको छ ।



